# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ | संख्याः ६ | मिति : २०८२/०५/२०


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२/०४/०७ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको नियम नं. ६

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार सेवा प्रवेश गरेका साविकको (गा.वि.स.का) कर्मचारीहरु लाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधी, २०८२

# स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार सेवा प्रवेश गरेका साविकको (गा.वि.स.का) कर्मचारीहरु लाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधी, २०८२

**प्रमाणिकरण मितिः २०८२।०५।२०**

गेरुवा गाउँपालिकामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ अनुसार सेवा प्रवेश गरी स्थानीय निजामति सेवा ऐन २०८१ जारीहुनु पूर्व सेवा अवकाश भएका (साविकको गा.वि.स.का) कर्मचारीहरु लाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी विषयमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गेरुवा गाउँपालिकाको मिति २०८२/४/७ मा बसेको कार्यपालिका बैठक बाट स्वीकृत "स्थानीय स्वायत्त शासन ऐन, तथा नियमावली अनुसार सेवा प्रवेश गरेका साविकको (गा.वि.स.का) कर्मचारीहरु लाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधी, २०८२" जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधीको नाम "स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार सेवा प्रवेश गरेका कर्मचारीहरु लाई सेवा अवकाश पछि दिइने सेवा सुविधा सम्बन्धी कार्यविधी, २०८२"

(२) यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरेको मिति देखी प्रारम्भ हुनेछ ।

## परिच्छेद १

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधीमा :

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) "स्थानीय निकायका कर्मचारी" भन्नाले "स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार सेवा प्रवेश गरेका कर्मचारी" सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले गेरुवा गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ङ) "गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिका सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरुवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ) "संविधान" भन्नाले नेपालको संविधान लाई सम्झनु पर्दछ ।

ज) "स्थानीय निकाय" भन्नाले साविकको गाउँ विकास समिति लाइ सम्झनु पर्दछ ।

## परिच्छेद २

### घर विदा, विरामी विदा, उपचार खर्च, थप आर्थिक सुविधा र उपदान

**२.१ घर विदा :** (१) स्थानीय निकायका कर्मचारीले काम गरेको अवधिको बाह्र दिनको १ दिनका दरले घर विदा पाउने छ ।

(२) यस दफाको प्रयोजनको निमित्त "काम गरेको अवधी" भन्नाले सो अवधि भित्र लिएको भैपरी आउने र पर्व विदा, विरामी विदा, प्रसुती विदा, किरिया विदा, सार्वजनिक विदा लाइ समेत जनाउने छ ।

(३) घर विदामा बसेको स्थानीय निकायको कर्मचारीले पुरा तलब पाउने छ ।

(४) स्थानीय निकायका कर्मचारीले आफूले पकाएको घर विदा १८० दिन सम्म संचित गरी राख्न पाउने छ ।

(५) कुनै कारणले स्थानीय निकायका कर्मचारी सेवा बाट अलग भएमा निजको संचित भएको घर विदा वापत निजको पदाधिकार रहेको पद बाट खाइपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउने छ ।

(६) संचित रहेको घर विदाको रकम लिन नपाउँदै कुनै स्थानीय निकायका कर्मचारीको मृत्यु भएमा त्यस्तो संचित घर विदाको रकम इच्छाइएको व्यक्तिले एकमुष्ट लिन पाउने छ । तर त्यसरी इच्छाइएको व्यक्ति नभएमा सबै भन्दा नजिकको हकवालाले त्यस्तो रकम लिन पाउनेछ ।

**२.२ विरामी विदा** : (१) स्थानीय निकायको कर्मचारीले प्रत्येक बर्ष बाह्र दिन विरामी विदा पाउनेछ ।

(२) विरामी विदामा बसेको स्थानीय निकायको कर्मचारीले पुरा तलब पाउनेछ ।

(३) स्थानीय निकायका कर्मचारी अशक्त विरामी भइ संचित विरामी विदाले नपुग भएमा निज लाइ बढीमा बाह्र दिन सम्मको पेश्की विरामी विदा दिन सकिनेछ ।

(४) सात दिन भन्दा बढी अवधीको विरामी विदाको माग गर्ने स्थानीय निकायका कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गर्नुपर्ने छ । तर त्यस्तो प्रमाण पत्र पेश गर्न साधारणतया सम्भव थिएन भन्ने विदा दिने अधिकारी लाइ विश्वास भएमा निजले सो व्यहोरा जनाइ प्रमाण पत्र विना नै उक्त विदा स्वीकृत गर्न सक्नेछ ।

(५) स्थानीय निकायका कर्मचारीले आफूले पकाएको विरामी विदा संचित गरी राख्न पाउनेछ ।

(६) कुनै कारणले स्थानीय निकायका कर्मचारी सेवा बाट अलग भएमा निजको संचित भएको विरामी विदा वापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(७) संचित रहेको विरामी विदाको रकम लिन नपाउँदै कुनै स्थानीय निकायका कर्मचारीको मृत्यु भएमा त्यस्तो संचित विरामी विदाको रकम निजले इच्छाइएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ । तर त्यसरी इच्छाइएको व्यक्ति नभएमा सबै भन्दा नजिकको हकवालाले त्यस्तो रकम लिन पाउने छ ।

(८) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न विरामी विदा र घर विदा बाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गरी स्थानीय निकायका कर्मचारीले पछि पाउने विरामी विदा र घर विदा बाट कट्टा हुने गरी पैंचालिस दिन सम्म थप विरामी विदा पेश्कीको रुपमा लिन सक्नेछ ।त्यसरी पेश्की विरामी विदा लिइ बसेको स्थानीय निकायका कर्मचारीले पुरा तलब पाउनेछ ।

(९) उपदाफा (८) बमोजिम लिएको विदाले नपुग भइ थप विदा लिनु परेमा जिल्ला अस्पताल वा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसमा स्थानीय निकायका कर्मचारीले असाधारण विदा लिन सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम पेश्की विरामी विदा लिएको स्थानीय निकायको कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वत : मिनाहा हुनेछ ।

**<u>२.३ उपचार खर्च :</u>** (१) स्थानीय निकायका कर्मचारीले सेवा अवधीभरमा अधिकृत स्तरका कर्मचारी भए बाह्र महिना बराबरको र सहायक स्तरको कर्मचारी भए अठार महिना बराबरको खाईपाई आएको तलब बराबर रकम सम्म उपचार खर्च पाउनेछ ।

(२) स्थानीय निकायको कुनै कर्मचारी वा निजको परिवारको सदस्य विरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च गाउँपालिकाले दिनेछ ।

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिदिएको प्रेस्क्रिप्सन अनुसार औषधी किनेको खर्च ।

(ख) अस्पताल भर्ना हुँदा र उपचार गराउँदा लागेको वील बमोजिमको खर्च ।

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा स्थानीय निकायको कर्मचारीको हकमा स्थानीय तहले सिफारिस गरेको खर्च ।

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमका चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको वील बमोजिमको खर्च ।

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्ला वा विदेशमा गई उपचार गराउँदा त्यस्तो स्थान सम्म पुग्दाको र फर्किंदाको विरामी र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवा सम्मको यातायात खर्चको पुरै रकम र खाना खर्च वापत सम्बन्धीत कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(३) यस कार्यविधी बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा सोको कारण मुनासिव देखिए यस कार्यविधीको अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ । त्यसरी पेश्की लिएको रकम पछि हिसाव गर्दा उपचार वापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित कर्मचारीको तलब बाट किस्ता बन्दीमा कट्टी गरिनेछ । त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै त्यस्तो कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा कट्टी गर्न बाँकी रकम मिनाहा हुनेछ ।

(४) झुट्ठा व्यहोरा पेश गरी यस कार्यविधि बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगाएत त्यस्तो झुट्ठा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक (कर्मचारी भएमा) उपर विभागीय कारवाही हुन सक्नेछ ।

(५) कुनै अस्थायी कर्मचारी विरामी भएमा औषधी उपचारको लागी निकासा दिँदा बीस बर्षको अवधी लाई सेवाको पुरा अवधीमानी त्यसको अनुपातमा विरामी हुने अस्थायी कर्मचारीले गरेको सेवा अवधीले हिसाब गरी यस कार्यविधि बमोजिम उपचार खर्च दिइनेछ । तर अस्थायी कर्मचारी सेवा बाट अलग हुँदा भने यस नियम बमोजिमको उपचार खर्च पाउने छैन ।

(६) भविष्यमा स्थानीय निकायको सेवाको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी सेवा बाट बर्खास्त गरिएको अवस्थामा बाहेक जुनसुकै व्यहोरा बाट कुनै कर्मचारी सेवा बाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधि भरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

(७) दश बर्ष सेवा अवधी नपुगेको कुनै कर्मचारी लाई औषधी उपचारको लागी खर्च दिंदा यस कार्यविधिमा तोकिएको रकम लाई दश बर्ष सेवा गरे वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(८) यस कार्यविधि बमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी विरामी भएको अवस्थामा विरामी विदा बाँकी भएमा विरामी विदा नै माग गर्नुपर्नेछ । विरामी विदा बाँकी नभएमा मात्र अन्य विदा माग गर्नसक्नेछ ।

(९) यस कार्यविधि बमोजिम अस्पताल भर्ना भई वा विदेशमा गई उपचार गराइएकोमा बाहेक अन्य कुनै कर्मचारी लाई उपदफा (१) को अधिनमा रहि एक बर्षमा एक पटक वा पटक-पटक गरी निजले खाईपाई आएको डेढ महिनाको तलब बराबरको रकम सम्म उपचार खर्च दिन सकिनेछ ।

(१०) यस कार्यविधि बमोजिम कुनै कर्मचारी लाई लागेको रोग स्थानीय अस्पताल बाट उपचार हुन नसक्ने भई निजको ज्यान लाई नै जोखिम हुने अवस्था परेमा कार्यपालिकाको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागी त्यस ठाउँ बाट सबै भन्दा नजिकको कुनै सुविधा युक्त अस्पतालमा छिटो साधन द्वारा लैजाँदा र त्याहाँ बाट फर्काउँदा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

<u>**२.४ थप आर्थिक सहायता :**</u> गाउँपालिकाको कामको शिलशिलामा चोट पटक लाग्न गई गाउँपालिकाको कुनै कर्मचारीको उपचार गर्नु परेमा सम्बन्धीत जिल्ला अस्पतालको सिफारिसमा नेपाल अधिराज्य भित्र औषधि उपचार हुन नसक्ने भनि नेपाल सरकार द्वारा गठित मेडिकल बोर्डले ठहर गरेको कर्मचारीले विदेशमा गई उपचार गराउनु परेमा गाउँपालिकाले उचित ठहर्याएको रकम थप आर्थिक सहायता दिन सक्नेछ ।

<u>**२.५ उपदान :**</u> (१) पाँच बर्ष वा सो भन्दा बढी सेवा गरेको गाउँपालिकाको स्थायी कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पद बाट अलग भएमा वा भविष्यमा यस गेरुवा गाउँपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी पद बाट हटाइएमा वा अवकाश दिइएमा देहायको दरले उपदान पाउनेछ ।

(क) पाँच बर्ष देखी दश बर्ष सम्म सेवा गरेका स्थानीय निकायको कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको आधा महिनाको तलब बराबर रकम,

(ख) दश बर्ष देखी पन्ध्र बर्ष सम्म सेवा गरेका स्थानीय निकायका कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र बर्ष देखी बीस बर्ष सेवा गरेका स्थानीय निकायका स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको डेढ महिनाको तलब बराबरको रकम,

(घ) बीस बर्ष देखी पच्चीस बर्ष सम्म सेवा गरेका स्थानीय निकायका स्थायी कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको दुई महिनाको तलब बराबरको रकम,

(ङ) पच्चीस बर्ष वा सो भन्दा बढी सेवा गरेका स्थानीय निकायका स्थायी कर्मचारीले आफुले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलब बराबर रकम ।

## परिच्छेद ३

## विविध

**३.१ अवकाश कोषको व्यवस्था :** लुम्विनि प्रदेश सरकार बाट स्थानीय निजामति सेवा ऐन २०८१ जारी भए पश्चात जुनसुकै कारण बाट अवकाश भएको साविक स्थानीय निकाय (गा.वि.स.) बाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा निज लाइ उपलब्ध हुने उपदान लगाएतको सेवा सुविधा संघिय सरकार वा प्रदेश सरकार बाट उपलब्ध हुने भएमा सोही बमोजिम हुने र संघिय तथा प्रदेश सरकार बाट उपलब्ध हुने प्रावधान नभएमा स्थानीय तह बाट छुट्टै अवकाश कोष स्थापना गरी स्थानीय निजामति सेवाका कर्मचारीले पाए सरह उपदान सोही कोष बाट उपलब्ध गराउनु पर्नेछ ।

**३.२ बाधा अड्काउ फुकाउने अधिकार :** (१) यो कार्यविधी कार्यान्वयनको शिलशिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधीमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरा लाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

**३.३ बचाउ तथा खारेजी :** (१) यस कार्यविधिमा लेखिएको कुरा यसै बमोजिम र यसमा नलेखिएको कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधी लागू हुनु पूर्व भए गरेका कार्यहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

(३) यो कार्यविधी प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म लागू हुने छैन ।

आज्ञाले

नर बहादुर चन्द

प्रमुख प्रशासकीय अधिकृत